# नेपाली भाषिक रूपको विश्लेषण

**दावा शेर्पा पीएच.डी.**

***नेपाली शिक्षा विभाग***

***महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ, त्रिवि***

**इमेल : sherpadawa2023@ gmail.com**

**लेखसार**

*यो लेख उद्देश्यमूलक रूपमा गुणात्मक विधिको उपयोग गरी द्वितीय स्रोतका सामग्रीहरू सङ्कलन गरी नेपाली भाषिक रूपको व्याख्या विश्लेषण गरिएको छ। नेपाली भाषिक शब्दनिर्माणमा प्रयुक्त हुने उपसर्ग, मध्यसर्ग, परसर्ग, व्युत्पादन, रूपायन र व्याकरणिक पक्षमा सहभागी हुने लघुतम अर्थयुक्त सार्थक एकाइहरू रूप हुन्। रूप मुक्त र बद्र गरी दुई प्रकारका छन्, जस्तै : रामले रावणलाई मार्‍यो भन्ने वाक्यमा 'रामले', 'रावणलाई' 'मार्‍यो' वाक्यका तीनवटा रूपमा 'राम', 'रावण', 'मार्', मुक्त रूप र 'ले', 'लाई', 'यो' बद्र रूप हुन्। रूप शब्दभन्दा तल्लो वा सबैभन्दा तल्लो भाषिक एकाइ हो। अफ्रिकीमा बोलिने साहिली भाषाको रूप (Nitakupenda) 'निताकुपेन्डा'को अर्थ 'म तिमीलाई माया गर्छु' एउटै रूपका शब्द हुन् तर अङ्ग्रेजीमा यस रूपको (ni  ta  ku  penda) अर्थ (I will you love) भई चारवटा रूप भएका छन्। रूपविज्ञानलाई अङ्ग्रेजीमा मार्फोलोजी (Morphology) भनिन्छ। यो शब्द मार्फ (Morph) र (Logos) ग्रीक भाषाका दुई शब्दबाट निर्माण भएको हो। पाणिनिले पदलाई 'सुबन्त र तिङन्त' गरी दुई भागमा विभाजन गरेका छन्। शब्दका रूपायक प्रत्ययलाई 'सुप्' र धातुमा जोडिने प्रत्ययलाई 'तिङ्' विभक्तिले चिनिन्छ। रूपविश्लेषण (क) एकाइ र समायोजन (ख) एकाइ र पक्रिया (ग) शब्द र रूपावली पद्रतिको आभारमा गरिन्छ। यस लेखमा भाषिक शब्द संरचनामा प्रयुक्त हुने लघुतम सार्थक एकाइका रूपहरूमा मुक्त, बद्र, कोशीय, व्याकरणिक, रिक्त र शून्य रूपका प्रकारहरू व्याख्या विश्लेषण गरी देखाइएको छ।*

**शब्दकुञ्जी :** मुक्त रूप, बद्र रूप, कोशीय रूप, व्याकरणिक रूप, रिक्त रूप, शून्य रूप।

## विषयप्रवेश

प्रस्तुत लेख भाषिक रूपको अध्ययन विश्लेषणसँग सम्बन्धित रहेको छ। भाषाका शब्द संरचनाका संरचक तत्त्वहरूका बारेमा अध्ययन गर्ने भाषाविज्ञानका शाखालाई रूपविज्ञान भनिन्छ। रूपविज्ञान भनेको व्युत्पादन, रूपायन, वा शब्दरचनाका विभिन्न पक्षमा सहभागी हुने रूपहरूको वैज्ञानिक वर्णनात्मक अध्ययन हो ( नाइडा, सन् १९४९ :३)। शब्द संरचनाको अध्ययन गर्ने विषयका रूपमा रूप शब्दको प्रयोग सबभन्दा पहिले अगस्त स्लाइघरले ल्याएका हुन् (बन्धु, २०७३ : ८१)। रूपविज्ञानलाई अङ्ग्रेजीमा मार्फोलोजी *(Morphology)* भनिन्छ। यो मार्फ *(Morph)* र *(Logos)* ग्रीक भाषाका शब्द हुन्। ग्रीक भाषामा मार्फोको अर्थ रूप र यसले व्यक्त गर्ने अर्थको अध्ययन नै रूपविज्ञान हो। यही शब्द

निर्माणका आधारभूत संरचक तत्त्वहरूका अध्ययन गर्ने शास्त्रलाई रूपविज्ञान (युले सन् २००९ : ७२)। जीववैज्ञानिक अध्ययनका क्रममा आधारभूत तत्त्वहरू पत्ता लागे ँ भाषिक संरचनाका पनि आधारभूत तत्त्वहरू पक्कै हुन्छ भन्ने आधारमा भाषिक रूपहरूको अध्ययन भएको हो (युले सन् २००९ : ७३)। वेदका ६ अङ्गहरू (शिक्षा, कल्प, ज्योतिष, निरुक्त, छन्द, र व्याकरण) मा चार अङ्ग (ज्योतिष र कल्प) बाहेक अरू सबै अङ्गहरू भाषासँग नै सम्बन्धित छन् (बन्धु, २०६६ : ९)। वैदिक युगका वैदिक संहिताहरू आरण्यक र उपनिषद्हरूमा भाषाको गम्भीर चिन्तन भएको छ। पाणिनिले रूपको छुट्टै चर्चा नगरी पदलाई 'सुबन्त र तिङन्त' गरी दुई भागमा विभाजन गरेका छन्। उनले शब्दका रूपायक प्रत्ययलाई 'सुप्' विभक्ति संज्ञा र धातुमा जोडिने रूपायक प्रत्ययलाई 'तिङ्' विभक्तिका नाम दिएका छन्। रूप वर्णभन्दा माथिल्लो र शब्दभन्दा तल्लो भाषिक एकाइ हो। भाषिक रूप लघुतम एकाइ भएकाले यो अविभाज्य र साना एकाइहरूका टुक्राउन सकिँदैन (शर्मा र लुइटेल, २०६० : १११)। यसैले यहाँ नेपाली भाषाका शब्द निर्माणमा प्रयोग हुने रूप र रूपहरूका प्रकारको अध्ययनमा केन्द्रित गर्नु नै यसको विषयप्रवेश हो।

**समस्याकथन**

प्रस्तुत शोधमा नेपाली भाषाका शब्द संरचनामा प्रयोग हुने लघुतम अर्थयुक्त भाषिक एकाइमा प्रयुक्त हुने रूपहरू कुन कुन हुन् ? भाषिक रूपका पहिचान र विश्लेषणमा केन्द्रित गरी नेपाली भाषामा प्रयोग हुने रूप र रूपका प्रकारको पहिचान गरी सम्बद्र नेपाली भाषाको रूप र प्रकारसम्बन्धी समस्याका प्रश्नहरू नै प्रस्तुत शोधको प्रमुख प्राज्ञिक समस्याको रूपमा रहेको छ।

**उद्देश्य**

प्रस्तुत नेपाली भाषाका रूप र रूपका प्रकारको शोध अध्ययनमा उठेका शोध समस्यासँग सम्बन्धित नेपाली भाषाका शब्द संरचना र संरचक तत्त्वको रूप र व्याकरणिक रूपको पहिचान गरी सो सम्बद्र नेपाली भाषाका रूप र रूपका प्रकारको निरूपण गर्नु नै शोधको प्राज्ञिक उद्देश्य रहेको छ।

**अध्ययन विधि**

प्रस्तुत शोध द्वितीय स्रोतलाई आधार मानी गुणात्मक विधिमा गरिएको छ। यो  उद्देश्यमूलक रूपमा रूपसम्बन्धी प्रकाशित पुस्तकहरूलाई द्वितीय स्रोतका तथ्याङ्कका रूपमा लिइएको छ। संरचनावादी सिद्रान्तअनुसार भाषाबाट लिइने कथ्य रूपलाई प्राथमिक स्रोत र लेख्य रूपलाई भाषाको द्वितीय स्रोत भनिन्छ (बन्धु, २०६६ : ६४)। प्राथमिक स्रोत र द्वितीय स्रोतको अनुसन्धान सूचनाको स्रोतमा भिन्नता हुन्छ। शिक्षार्थीहरूले अध्ययन गर्ने किताबहरूका स्रोतलाई द्वितीय स्रोतका सूचना मानिन्छ (नुनान, सन् २०१० : ८)। यही सिद्रान्तअनुसार यस शोधमा विभिन्न समय र विभिन्न देशबाट प्रकाशित भाषाका रूपसम्बन्धी विद्वान्हरूका पुस्तकको उपयोग गरिएको छ। भाषिक संरचनाका लघुतम अर्थयुक्त एकाइको अध्ययनलाई सैद्रान्तिक आधार मानी प्रस्तुत शोध तयार गरिएको छ। भाषिक रूपको विश्लेषणमा शब्द संरचनामा प्रयुक्त हुने लघुतम अर्थयुक्त एकाइको पहिचान गराइएको छ। यसका लागि नेपाली र अङ्ग्रेजी दुवै भाषामा प्रयुक्त रूपका मुक्त रूप, बद्र रूप, कोशीय रूप, व्याकरणिक रूप, रिक्त रूप र शून्य रूपहरूको खोज गरी उदाहरणसहित प्रस्तुत शोधमा रूप र रूपका प्रकारको व्याख्या, विश्लेषण गरी शोधको निष्कर्ष निकालिएको छ।

**रूप विश्लेषणका सैद्धान्तिक आधार**

भाषिक रूप विश्लेषण तीनवटा आधारमा गरिन्छ। यसमा (क) एकाइ र समायोजन, (ख) एकाइ र पक्रिया (ग) शब्द र रूपावली पद्रतिको माध्यमद्वारा रूप विश्लेषण गरिएको छ। अमेरिकी भाषावैज्ञानिक हकेटले सन् १९५० को दशकमा रूपविश्लेषणको कुरा उठाएका थिए (गौतम र

चौलागाई २०७० : १७४)। भाषिक रूपअन्तर्गतका एकाइमा धातु, प्रातिपदिक, उपसर्ग, र परसर्ग छुट्टयाइन्छ। अश्लिष्ट योगात्मक भाषाका बहुरूपात्मक शब्दको रूपविश्लेषण एकाइ र समायोजन पद्रतिबाट गरिन्छ, जस्तै : शाब्दिक एकाइ 'नैतिकता'→ आधार रूप 'नीति' सर्ग '-इक-' '-ता',। एकाइ र प्रक्रियाबाट श्लिष्ट योगात्मक भाषाका शब्दहरूमा रहने रूपहरूको विश्लेषण गरिन्छ, जस्तै : आधार शब्द 'व्याकरण'→ व्यूत्पन्न शब्द 'वैयाकरण' आधार शब्द 'गाउँ'→ व्यूत्पन्न शब्द 'गवैया'। शब्द र रूपावली : यस पद्रतिमा कुनै पनि शब्दको समग्र रूपावली अगाडि राखी त्यसबाट सा । तत्त्वहरूको पहिचान गर्दै रूपविश्लेषण गरिन्छ (यादव र रेग्मी, २०५८ : १४८)। संस्कृत, अङ्ग्रेजी र नेपाली भाषाका नाम, सर्वनाम, विशेषण र क्रियाको रूपविश्लेषण यस पद्रतिबाट गरिन्छ, जस्तै : *राम, रामहरू, तँ, तिमी, तपाईं, Good, better, best पढ्छ, पढ्छन् पढ्छौ* रूपहरूका शब्द र रूपावली एकाइका आधारमा रूपको विश्लेषण गरिएको छ।

**रूपको परिचय**

भाषाविज्ञानले आफ्नो संरचनावादी धाराको सिद्रान्तमा भाषाको लघुतम सार्थक एकाइलाई रूप स्वीकार गरी भाषाविज्ञानको केन्द्रमा राखेको छ (श्रीवास्तव, सन् २००४ : ९४)। वाक्यविज्ञानमा वाक्यका विभिन्न दृष्टिकोणले अध्ययन गर्न सकिन्छ। त्यसैगरी रूपविज्ञान र पदविज्ञानमा 'रूप' वा 'पदको' विभिन्न दृष्टिकोणले अध्ययन गर्न सकिन्छ (तिवारी, सन् १९९१ : २४०)। रूपरचनाको अध्ययन दुई वा दुईभन्दा बढी भाषाको तुलनात्मक अध्ययनबाट सुरु भएको हो। भाषिक अध्ययनको लामो परम्पराभित्र भाषिक रूपको अध्ययन लामो रहेको छ (यादव र रेगमी २०५८ : १३३)। परम्परागत व्याकरणमा सबैभन्दा बढी पदको अध्ययन भएको छ। पदमा धातु, सर्ग, प्रातिपदिक तथा रूपायन र व्यत्पादनको अध्ययन भएको छ भने भाषिक तहगत अध्ययनमा सबैभन्दा बढी वर्णको र त्यसपछि क्रमशः रूप र वाक्यको अध्ययन भएको देखिन्छ। रूपविज्ञानको अध्ययन सन् १९४० देखि १९६० को दशकमा बढी भएको समयमा नाइडाको रूपविज्ञानको पुस्तक सन् १९४९ आएको थियो। यसमा ब्लुफिल्ड, हकेट, ह्यारिस, तथा चम्स्कीको अध्ययन निकै महत्त्वपूर्ण रहेको छ (शेर्पा, २०७७ : ८७)। भाषिक रूपका 'शब्द' तथा 'धातु' रूपमा अर्थतत्त्व रहेको हुन्छ भने 'कारक चिह्न' 'प्रत्यय' रूपमा सम्बन्धतत्त्व रहन्छ (तिवारी, सन् १९९१ : १७)। जस्तै : *रामले रावणलाई माऱ्यो* भन्ने वाक्यमा *'रामले', 'रावणलाई' 'माऱ्यो'* वाक्यको तीनवटा रूपमा *'राम', 'रावण', 'मार्',* अर्थतत्त्वहरू हुन् भने *'ले', 'लाई', 'यो'* सम्बन्धतत्त्वका रूपमा रहेका छन्। पूर्वी अफ्रिकीमा बोलिने साहिली भाषाको एउटै रूप *(Nitakupenda)* निताकुपेन्डाको अर्थ *म तिमीलाई माया गर्छु*। यो अफ्रिकी भाषा साहिलीको एउटै रूपको शब्द हो। तर अङ्ग्रेजीमा सामान्यतया यसमा चारवटा रूप देखिन्छन्। *(ni □ ta □ ku □ penda)* को अर्थ अङ्ग्रेजीमा *(I will you love)* हुन्छ। यसरी सबै भाषाका रूपले पूर्ण सन्देश र समान अर्थ भने बोकेको हुन्छ (युले, २००९ : ६४)। वाक्यको एकाइगत अध्ययन गरी हेर्दा वाक्य ठूलो एकाइ हो भने रूप सबैभन्दा सानो एकाइ हो (सिजापति, २०५६ :१३०)। यसैलाई रूप भनिन्छ।

म्याक्समुलरले डार्विनको विकासवादी सिद्रान्तअनुसार सन् १८९९ मा अक्सफोर्डमा दिएको व्याख्यानमा जसरी ऊँट, मृग, स्याल, कुकुर वा ऊँटका पनि भिन्नभिन्न उपप्रजातिहरू शारीरिक बनावटले भिन्न हुन्छन् त्यसैगरी भाषाहरू पनि आवयविक संरचनाले भिन्न हुन्छन् (न्यौपाने र न्यौपाने २०६३ : २)। यही अवधारणअनुसार युरोप र एसियाका आदिभाषा भारोपेली परिवारका ४००□ ५०० आधारभूत मूल (Root) को अध्ययन गर्ने हो भने त्यहाँका मानिसका पुर्खाका सम्बन्ध पनि राम्ररी बुझ्न सकिन्छ (काताम्ब, सन् १९९३ : ३)। यही विकासवादी सिद्रान्तको प्रभावमा रूपविकासको स्थापना भएको हो। रूप भाषाको

सबैभन्दा सानो अर्थयुक्त एकाइ भएकाले रूपभन्दा सानो एकाइमा अर्थ हुँदैन, जस्तै : नेपाली भाषाको *राम घर गयो* वाक्यमा आएका *राम, घर र गयो* स्वतन्त्र रूपहरू हुन्। यसलाई विभाजन गर्दा *र्.आ.म्, घ्.अ.र्, र ग्.अ.य्.ओ,* भई अर्थ विहीन भई रूपबाट बाहिरी अर्थ भेदक वर्णहरू भएका छन्। यी वर्णहरू रूप होइनन् तर वर्णबाट निर्मित *राम, घर, र गयो* चाहिँ लघुतम अर्थयुक्त एकाइ भएका रूपहरू हुन्। त्यसैगरी तलका शब्दहरू हेरौँ :

(क) केटो। (ख) केटी। (ग) केटाहरू।

/क्एट्–ओ/ /क्एट्–इ/ /क्एट्[ आ–ह्अर्उ/

यी माथिका शब्दमा केट्–सा ा रूपको आधार भएर आएको छ। यसले एक अर्थ बु ाएको छ। यसका आधार /केट्–/क्एट्/मा /–ओ/ प्रत्यय लाग्दा /केटो/एकवचन पुलिङ्ग र /–इ/ प्रत्यय लाग्दा /केटी/ एकवचन स्त्रीलिङ्गी भएको छ भने /–आ–ह्अर्उ/ प्रत्यय लाग्दा बहुवचन जनाएको छ। यसमा आएका /केट्–/ क्एट्/, /–ओ/, /–इ/ र /–हरू/ /–ह्अर्उ/ भिन्नभिन्न अर्थ भएका रूपहरू हुन्। यसैगरी अङ्ग्रेजी भाषाको : *(talks, talker, talked, and taking)* अङ्ग्रेजीका भाषाका रूपहरूका एउटै रूपतत्त्वको *(talk)* सँग जोडिएर आएका रूप तत्त्वहरू *(-s, -er, -ed, and -ing)* ले अरू धेरै भिन्नभिन्न अर्थका रूपले व्याकरणिक कार्यको वर्तमान, भूतकाल र बहुवचन जनाएको छ (युले, सन् २००९ : ६३)। एउटा अङ्ग्रेजीको वाक्य हेरौं : (*The police reopened the investigations*) भन्ने वाक्यको (*reopened)* शब्दमा लघुतम अर्थयुक्त एकाइ *open,* अर्को लघुतम अर्थयुक्त एकाइ *re-,* (फेरि) र लघुतम एकाइको *-ed,* रूपले व्याकरणिक भूतकाल जनाएको छ। तसर्थः *(reopened)* शब्दमा तीनवटा रूप रहेका छन्। त्यसैगरी (*tourists)* शब्दका लघुतम अर्थयुक्त एकाइ *tour,* अर्को लघुतम अर्थयुक्त एकाइ *-ist,* ले (केही गर्ने व्यक्ति) र लघुतम एकाइको व्याकरणिक रूपको *-s* ले बहुवचन जनाएको छ। 'काम' र 'खाम' लघुतम अर्थथुक्त भाषिक एकाइ भएका रूपलाई अर्थका दृष्टिले टुक्राउँन सकिँदैन। अर्थका दृष्टिले यिनलाई टुक्राउँदा 'क्आम्' र 'ख्आम्' अर्थ विहीन भई रूपका क्षेत्रबाट बाहिरिएका छन् तसर्थः यिनीहरू रूप होइनन् वर्णहरू हुन्। व्याकरणात्मक तथा कोशीय दृष्टिले अर्थयुक्त लघुतम भाषिक एकाइलाई मात्र रूप भनिन्छ, जस्तै : 'घरेलु' र 'लेखाइ' शब्दलाई लिन सकिन्छ। यी दुई शब्दमा चारवटा रूप छन्। 'घर' र 'लेख्' ले कोशीय अर्थ दिएका छन् भने 'एलु' र 'आइ' ले व्याकरणात्मक अर्थ दिएका छन्। यिनीहरूमा 'घर' र 'लेख्' स्वतन्त्र मुक्त रूपहरू हुन् भने 'एलु' र 'आइ' बद्र रूपहरू हुन्। रूप व्याकरणको सबैभन्दा सानो एकाइ हो। व्याकरणिक कोटिको द्योतन रूपबाट हुन्छ। ब्लुमफिल्डका अनुसार शब्दमा एक वा एकभन्दा बढी रूप हुन सक्छ, जस्तै : *'बिरालो'* एउटा स्वतन्त्र रूप हो भने *'बिरालाहरू'* मा दुईवटा रूप रहेका छन्। यसमा आएका *'हरू'* बद्र हुन् (लायन्स २००२ : ११८)। भाषाका स्वतन्त्र रूप र बद्र रूपको प्रयोगले अर्थमा भिन्नता ल्याउँदछ। प्रत्यय वा सर्गहरू बद्र हुन्छन् भने आधारतत्त्व मुक्त र बद्र दुवै हुन सक्छन् (अधिकारी, २०५५ :२४४)।

**रूपका प्रकार**

भाषिक रूपलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ। रूपलाई विशेष गरी प्रमुख तीनवटा अर्थ, वितरण र प्रकार्यका आधारमा वर्गीकरण गरिन्छ (न्यौपाने र न्यौपाने, २०६३ : १२)। त्यसैगरी रूपलाई प्रयोग र शब्द संरचनाका आधाारमा पनि वर्गीकरण गरिन्छ। यिनीहरूको तल वर्णन गरिएको छ।

**(क) मुक्त रूप**

स्वतन्त्र रूपमा एक्लै वाक्यमा प्रयोग हुन सक्ने वा अर्को कुनै रूपविना पदको रूपमा प्रयोगमा आउन सक्ने रूप मुक्त रूप हो। सामान्यतः सबै कोशीय रूपहरू मुक्त हुन् (युले, सन् २००६ : ६३)। कोशीय रूपमा नाम, सर्वनाम, विशेषण,

क्रियाविशेषण र धातु पर्दछन्, जस्तै : तेह्रथुम, मान्छे, चिठी, म, हामी, तिमी, सेतो, असल, तल, माथि, र खा, उठ्, लेख् आदि । कोशीय रूप वा व्याकरणिक कार्यसँग सम्बन्धित कुरा हुन् भने मुक्त र बद्ध प्रयोगसँग सम्बन्धित नाम हुन् (न्यौपाने र न्यौपाने, २०६३ : १७) कोशीय वा व्याकरणिक जुनसुकै भए पनि एक्लै प्रयोग हुन्छ भने त्यो मुक्त रूप हो, जस्तै : *दिनेशले भाइलाई चिठी लेख्यो*। यस वाक्यमा चारवटा पदहरू रहेका छन् । *दिनेशले, भाइलाई, चिठी र लेख्यो*। यी चारवटा पदलाई विश्लेषण गर्दा आठवटा रूपहरू पाइन्छन्, जस्तै : *दिनेश, ले, भाइ, लाई, चिठी, लेख्–य् र ओ*। यसमा *दिनेश, भाइ र चिठी* मुक्त रूपहरू हुन् । दिनेश चिठी लेख्छ । भाइ भात खान्छ, मुक्त रूप हुन् । यी बाहेकका *ले, लाई, लेख् –य् र ओ,* भने स्वतन्त्र रूपमा प्रयोग नहुने बद्ध रूप हुन् (युले, सन् २००६ : ६३) ।

**(ख) बद्ध रूप**

स्वतन्त्र रूपमा पद वा वाक्य प्रयोगमा आउन नसक्ने भाषिक एकाइका रूप बद्ध हुन् । यिनीहरू मुक्त रूप वा अर्का रूपसँग जोडिएर मात्र प्रयोगमा आउन सक्ने हुन्छ । बद्ध रूप एक्लै प्रयोग नहुने रूप हो । अर्को रूपसँग जोडिएर मात्र व्याकरणिक काम गर्ने रूपलाई बद्ध भनिन्छ (शर्मा र लुइटेल, २०६० : ११३) जस्तै : *दिनेशले, भाइलाई, चिठी र लेख्यो*। वाक्यमा आएका *ले, लाई, लेख् –य् र ओ,* बद्र रूपहरू हुन् । बद्ध रूपमा उपसर्ग, प्रत्यय, विभक्ति, नामयोगी, संयोजक र निपात पर्दछन्, जस्तै : पूर्वसर्ग आधारका अघि जोडिने, *प्रहार, संहार, विहार* परसर्ग आधारका अन्तमा जोडिने *सामाजिक, घरेलु शहरीय र* संरचनामा आएका उपसर्गमा *प्र, सं, वि, परसर्गमा इक, एलु, इय*जस्ता प्रत्ययहरू बद्ध रूप हुन् (शर्मा र शर्मा, सन् २०१३ : २२४) । यिनीहरू एक्लै स्वतन्त्र रूपमा प्रयोगमा आउन सक्दैनन् । धेरै भाषाको शब्दमा व्याकरणिक कार्यको महत्त्वपूर्ण भूमिका खेल्न सबभन्दा सानो तत्त्वमा रूप आउँदछ (हकेट सन् २००६ : १७७) । रूपको परिभाषा यसरी गरिन्छ । यो भाषाको सबभन्दा सानो एकाइ हो जसले एउटा व्याकरणिक संरचनाको अर्थ बोकेको हुन्छ (कुक, सन् १९९३ : २५) ।

**(ग) कोशीय रूप**

संसारमा जीवित रहेका प्राकृतिक भाषाका सबै कोशीय शब्दहरूलाई शब्दकोशले जति नै ठूलो भए पनि समावेश गर्न सक्दैन (दास, सन् २०१३ : ५५) जुन भाषिक एकाइमा मुख्य धारणा बु  ाउन आउने रूप हुन्छ । त्यसैलाई कोशीय रूप भनिन्छ । शब्दकोशमा स्वतन्त्र रूपमा प्रविष्टि हुन सक्ने रूपहरू कोशीय रूप हुन् (गौतम र चौलागाई, २०७० : १५७) । यसमा नाम, विशेषण र क्रिया (धातु र प्रातिपदिक) पर्दछन् । कोशीय रूप शब्द संरचनाका आधार रूप भएकाले यसबाट अन्य शब्दको व्युत्पादन हुने हुनाले व्युत्पादक रूप पनि भनिन्छ, जस्तै : हात्–इयार् = हतियार, मुख्–उण्ड्–ओ = मुखण्डो, रात–अन्ध्–ओ = रतन्धो आदि । धातुमा : पढ्, लेख्, खा, गर् आदि । प्रातिपदिक : घर, गाउँ, सुन्दर, कलम आदि । यिनीहरू अर्थका दृष्टिले स्वतन्त्र हुन्छन् ।

**(घ) व्याकरणिक रूप**

कुनै धारणाका केन्द्रमा आएर आर्थी वा वाक्यात्मक प्रयोगमा प्रभाव पार्ने रूपलाई व्याकरणिक रूप भनिन्छ । व्याकरणिक अर्थको द्योतन गर्ने रूप नै व्याकरणिक रूप हो । यसमा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भावजस्ता व्याकरणिक अर्थ बु  ाउने रूप पर्दछ । यसमा शब्द संरचनाका उपसर्ग, प्रत्यय, मध्यसर्ग र परसर्ग परिधीय एकाइका रूपमा आउने हुन्छन् (युले, सन् २००६ : ६४) । जस्तै : (क) बेइमान = बे–इमान्, (ख) केटो = केट्–ओ, (ग) बस्यो = बस्–य्–ओ । यहाँ (क) मा बे- (ख) मा -ओ र (ग) मा -य्-ओ व्याकरणिक रूपका परिधीय वर्गका रूपमा आएको छ । त्यसैगरी व्याकरणिक रूपका अर्का उदाहरण हेरौं :

| वाक्य | व्याकरणिक रूप | अर्थ |
|---|---|---|
| (क) राम पढ्छ । | –छ | (तृतीय पुरुष एकवचन, पुलिङ्ग, सामान्य अभूत) |
| (ख) उनी घर गइन् । | –इन् | (तृतीय पुरुष, एकवचन, स्त्रीलिङ्ग सामान्य भूत) |

माथिका वाक्यका '–छ' र '–इन्' व्याकरणिक रूप हुन्। यिनीहरूले लिङ्ग, वचन, पुरुष, काल र आदरजस्ता व्याकरणिक अर्थ द्योतन गर्दछन्। व्याकरणिक रूपले वाक्यात्मक संरचनामा प्रयुक्त नभई अर्थ नदिने भएकाले प्रयोग र अर्थ दुवै दृष्टिले यी स्वतन्त्र हुँदैनन्।

**(ङ) रिक्त रूप**

वार्णिक संरचना भएको तर अर्थ नभएको रूपलाई रिक्त रूप भनिन्छ। रिक्त रूपमा जुन वर्ण उपस्थिति भएर पनि त्यसको अर्थ छैन भने त्यसरी उपस्थिति भएका वर्णलाई रिक्त रूप भनिन्छ, जस्तै : पढ्दछ र लेख्तछ दुवै रूपका शब्दमा '–द' र '–त' का संरचना छन् तर अर्थ छैन। तसर्थः यी दुवै रूपमा आएका 'द' र 'त' रिक्त रूप हुन्। अङ्ग्रेजी भाषामा *Child* (बच्चो), *Children* (बच्चाहरू) र *Ox* (गोरु) *Oxen* (गोरुहरू) ले बहुवचन जनाएको छ। यसमा *-en* हो खास अर्थ छ तर *-r* को कुनै अर्थ छैन संरचना मात्र छ त्यसैले *-r* अङ्ग्रेजीको रिक्त रूप हो। त्यसैगरी *Sense–al ▯ Sensual, Fact–al ▯ Factual* शब्दहरूका बिचमा छिरेको *-u*-को संरचना भए पनि कुनै अर्थ वा काम छैन तसर्थः यो रिक्त रूप हो। यसरी निरर्थक र अतिरिक्ततत्त्व मात्र भएर आउने तर अर्थ नभएका संरचनाका लागि मात्र आउने रूप नै रिक्त रूप हुन्।

**(च) शून्य रूप**

वार्णिक संरचना नभएको तर अर्थ भने भएको रूपलाई शून्य रूप भनिन्छ। शून्य रूपमा वर्णको रूप देखिँदैन। एउटा व्याकरणिक कार्य गर्दा एक प्रकारको स्थितिमा कुनै रूप आउँछ तर त्यही काम गर्दा अर्का स्थितिमा कुनै रूप देखिँदैन भने त्यो शून्य रूप हो (यादव र रेग्मी, २०५८ : १३८)। जस्तै : *Cat* (बिरालो) ले एकबचन, *Cats* (बिरालाहरू) ले बहुबचन जनाएको छ। त्यसैगरी Sheep (भेडो) ले एकबचन जनाएको छ भने SheepØ (भेडाहरू) ले बहुबचन जनाएको छ। यस उदाहरणमा *Cat* को बहुवचन जनाउन *-s* रूपको प्रयोग भएको छ तर *Sheep* को बहुवचन जनाउन कुनै रूपको प्रयोग भएको देखिँदैन। यसै प्रकारका रूपलाई शून्य रूप Ø भनिन्छ।

**सारांश**

नेपाली भाषिक शब्द निर्माणमा प्रयुक्त हुने लघुतम अर्थयुक्त सार्थक एकाइ नै रूप हो, जस्तै : (क) केटो (ख) केटी (ग) केटाहरू शब्दहरूका आधार /केट्–/क्एट्/मा /–ओ/ प्रत्यय लाग्दा /केटो/एकवचन पुलिङ्ग र/–इ/ प्रत्यय लाग्दा /केटी/ एकवचन स्त्रीलिङ्गी भएको छ भने /–आ–ह्अर्उ/ प्रत्यय लाग्दा बहुवचन जनाएको छ। यसमा आएका /केट्–/ क्एट्/, /–ओ/, /–इ/ र /–हरू/ /–ह्अर्उ/ भिन्नभिन्न अर्थ भएका रूपहरू हुन्। स्वतन्त्र रूपमा एक्लै वाक्यमा प्रयोग हुन सक्ने रूप मुक्त र स्वतन्त्र रूपमा प्रयोग हुन नसक्ने बद्ग रूप हो, जस्तै : *दिनेशले, भाइलाई, चिठी र लेख्यो*। यी चारवटा पदलाई विश्लेषण गर्दा आठवटा रूपहरू पाइन्छन्, जस्तै : *दिनेश, ले, भाइ, लाई, चिठी, लेख्–य् र ओ*। यसमा *दिनेश, भाइ र चिठी* मुक्त रूपहरू हुन् भने यी बाहेकका *ले, लाई, लेख् –य् र ओ,* बद्ध रूप हुन्। कोशीय रूप शब्द संरचनाका आधार रूप हुन्। यसमा नाम, विशेषण र क्रिया पर्दछ।। यसबाट अन्य शब्दको व्युत्पादन हुन्छ, जस्तै : हात्–इयार् = हतियार, मुख्–उण्ड्–ओ = मुखण्डो, रात–अन्ध्–ओ = रतन्धो आदि। व्याकरणिक रूप (क) राम घर जान्छ। '—छ' व्याकरणिक रूप (तृतीय पुरुष एकवचन पुलिङ्ग सामान्य अभूत) (ख) उनी घर गइन्। '—इन' व्याकरणिक रूप (तृतीय पुरुष एकवचन स्त्रीलिङ्ग सामान्य भूत)। रिक्त रूप वार्णिक संरचना भएको तर अर्थ नभएको रूप जस्तै : पढ्दछ र लेख्तछ दुवै रूपका शब्दमा '–द' र '–त' का संरचना भए तापनि अर्थ नभएकाले यी दुवै 'द' र 'त' रिक्त रूप हुन्। वार्णिक संरचना नभएका तर अर्थ भएका रूप शून्य रूप हो, जस्तै : *Cat* (बिरालो) ले एकबचन, *Cats* (बिरालाहरू) ले बहुबचन जनाउँछ छ तर Sheep (भेडो) ले एकबचन र SheepØ (भेडाहरू) ले बहुबचन जनाएको छ।

यसमा *Cat* को बहुवचन जनाउन *-s* रूपको प्रयोग भएको छ तर *Sheep* को बहुवचन जनाउन कुनै रूपको प्रयोग भएको छैन। तसर्थः यस प्रकारका रूप नै शून्य रूप Ø हो।

**सन्दर्भ सामग्रीहरू**


अधिकारी, हेमाङ्गराज (२०५५), *समसामयिक नेपाली व्याकरण,* दोस्रो संस्करण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाई (२०७०), *भाषाविज्ञान,* काठमाडौँ : पाठ्यसामग्री घण्टाघर।

तिवारी, भोलानाथ (१९९१), *भाषा विज्ञान,* त्रिपन्नौं संस्कारण, नयाँ दिल्ली : किताब महल।

न्यौपाने, टङ्कप्रसाद र दीपप्रसाद न्यौपाने (२०६३), *रूपविज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* पून : मुद्रित, काठमाडौँ : एकता बुक्स।

बन्धु, चूडामणि (२०६६), *भाषाविज्ञानको सम्प्रदाय,* नवौ संस्करण, ललितपुर : सा ाप्रकाशन।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५८), *भाषाविज्ञान,* कीर्तिपुर न्यु हिरा बुक्स इन्टरप्राइजेज।

शर्मा, देवेन्द्रनाथ र दीप्ती शर्मा (२०१३), *भाषाविज्ञानकी भूमिका,* (सातौं संस्करण), नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६०), *आधुनिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शेर्पा, दावा (२०७७), *भाषाविज्ञान र नेपाली भाषा,* काठमाडौँ : क्रिएटिभ लिङ्क प्रा.लि. बागबजार।

श्रीवास्तव, रवीन्द्रनाथ (२००४), *भाषाविज्ञानको सैद्रान्तिक चिन्तन,* दिल्ली : राधाकृष्ण प्रकाशन।

सिजापति, रामविक्रम (२०५६), *भाषा परिचय,* तेस्रो संस्करण, ललितपुर : सा ाप्रकाशन।

Cook, V. (1993). *Limguistic s and second language acquisitions.*London : The Macmillan Press Ltd.

Dash, N. S. (2013). *Applied Linguistics*. New Delhi : Heritage Publishers.

Hocket, C. F.( 2006). *A course in Morden Linguistics*. Delhi : Surjeet Publications.

Katamba, F. (1993). *Morphology.* London : Macmilan Press.

Lyons, J. (2002). *Language and linguistics,*1st Asian ed. India : Combridge University.

Nida,E.A. (1949). *Morphology: The Descriptive Analysis of Words,*2nd ed. Ann Abor : The University of Michigan Press.

Nunan, D. (2010). *Research Methods In Language Learning.*1st ed. New Delhi : Combridge University Press.

Yule, G. (2009) . *The study of Language*. New Delhi : Combridge University Press .